लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १६औं (सोह्रौं) गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मितिः २०८२/०१/०५)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | प्रदेश विशेष तथा समपूरक अनुदान सम्बन्धमा । | प्रदेश समपूरक अनुदान (दोस्रो संसोधन) कार्यविधि, २०८१ र विशेष अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संसोधन) सम्बन्धी कार्यविधि, २०८१ कार्यान्वयनमा रहेको छ, सो सन्दर्भमा स्थानीय तहमा प्रदेश सरकार बाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि लुम्बनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका(देउखुरी), दाङ तथा लुम्बनी प्रदेश योजना आयोगद्वारा प्रस्ताव माग भइ आएकोले लुङ्ग्री गाउँपालिका भित्रका आयोजनाहरू प्राथमिकीकरण गरी माग गर्नुपर्ने विषय पेस गर्न आवश्यक भएको । | प्रदेश समपूरक अनुदान (दोस्रो संसोधन) कार्यविधि, २०८१ र विशेष अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संसोधन) सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए स्थानीय तहमा प्रदेश सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि लुम्बनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका(देउखुरी), दाङ तथा लुम्बनी प्रदेश योजना आयोगद्वारा प्रस्ताव माग भइ आएकोले लुङ्ग्री गाउँपालिका भित्रका पूर्व तयारी पुगेका प्राथमिकीकरण अनुसार देहायका आयोजनाहरूका लागि प्रस्तावना पेस गर्ने: | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |

देहायः

क) प्रदेश समपूरक अनुदानका लागि प्रस्तावित आयोजनाहरु:

| क्र.सं | आयोजनाको नाम | वडा नं | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बर्नाखोला (ढोड्ग्रे रह) दलित बस्ति खानेपानी योजना, लुङ्ग्री-०६ | ६ | २,००,००,०००। (अक्षरेपी दुई करोड) | |
| २ | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय भवन तला थप, लुङ्ग्री-०७, हार्जङ | ७ | २,००,००,०००। (अक्षरेपी दुई करोड) | |
| जम्मा | | | ४,००,००,०००। (अक्षरेपि चार करोड रुपैयाँ मात्र) | |

ख) प्रदेश विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरु

| क्र.सं | आयोजनाको नाम | वडा नं. | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री गौरी शंकर मा.वि. तला थप, लुङ्ग्री-०४ | ४ | ४०,००,०००(अक्षरेपि चालिस लाख रुपैयाँ मात्र) | |
| २ | ऐपे खानेपानी योजना, लुङ्ग्री-०१, रोल्पा | १ | ४०,००,०००(अक्षरेपि चालिस लाख रुपैयाँ मात्र) | |
| जम्मा | | | ८०,००,०००। | |

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १६औं (सोह्रौं) गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मितिः २०८२/०१/०५)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| २ | विविध सम्बन्धमाः | | | |
| २.१ | अख्तियारी प्रदान गर्ने सम्बन्धमा । | जिल्ला रामेछाप मन्थली न.पा. वडा नं ९ बस्ने ज्ञानेन्द्रराज आरण समेत निवेदक र लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वडाचौर रोल्पा -१, ऐ.ऐ. अध्यक्ष र ऐ.ऐ. का अध्यक्ष भरत कुमार थापा - १ समेत भएको सर्वोच्च अदालतमा विचाराधिन अदालतको अवहेलना मुद्दा (मुद्दा नं ०८१-MS-००३९) मा लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,बडाचौर,रोल्पा-१, ऐ.ऐ.का अध्यक्ष, ऐ.ऐ. का अध्यक्ष भरत कुमार थापा -३ को तर्फबाट लिखित जवाफ पेश गर्न र तारेख समेत लिन पाउन गरी यस गाउँपालिकाको अध्यक्ष श्री भरत कुमार थापालाई अख्तियारी प्रदान गरी लिखित जफाव समेत पेश भै मिति २०८२।०१।०८ गतेको तारेख समेत तोकी सो मिति २०८१।०१।०८ गते र सो उप्रान्तका तारेखहरु लिन वारेसनामा तोक्नु पर्नेछ, सो सन्दर्भमा उक्त मुद्दाको तारेख लिनेगरी वारेसनामा तोक्न विषय पेस गर्न आबश्यक भएको। | जिल्ला रामेछाप मन्थली न.पा. वडा नं ९ बस्ने ज्ञानेन्द्रराज आरण समेत निवेदक र लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वडाचौर रोल्पा -१, ऐ.ऐ. अध्यक्ष र ऐ.ऐ. का अध्यक्ष भरत कुमार थापा - १ समेत भएको सर्वोच्च अदालतमा विचाराधिन अदालतको अवहेलना मुद्दा (मुद्दा नं ०८१-MS-००३९) मा लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,बडाचौर,रोल्पा-१, ऐ.ऐ.का अध्यक्ष, ऐ.ऐ. का अध्यक्ष भरत कुमार थापा -३ को तर्फबाट लिखित जवाफ पेश गर्न र तारेख समेत लिन पाउने गरी यस गाउँपालिकाको अध्यक्ष श्री भरत कुमार थापालाई अख्तियारी प्रदान गरी लिखित जफाव समेत पेश भै मिति २०८२।०१।०८ गतेको तारेख समेत तोकी सो मिति २०८१।०१।०८ गते र सो उप्रान्तका तारेखहरु लिन यस पालिकाका अध्यक्ष भरत कुमार थापा गाउँपालिकाको कामले फुर्सद नहुने भएकाले निजको सट्टा जिल्ला काठमान्डौ मातातिर्थ गा.वि.स वडा न. ९ जन्म स्थान भई हाल जिल्ला ललितपुर गोदावरी न.पा वडा न. १२ ठेचो बस्ने बर्ष ३७ की सरिता खत्री (ना.प्र.नं. ३७१०४७।१७२८) लाई उल्लेखित मुद्दाको उचित प्रतिरक्षा गर्न अख्तियारी प्रदान गर्ने, | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २.२ | भुक्तानी सम्बन्धमा | सनस्टार युवा क्लब, लिवाङ, रोल्पाले आयोजना गरेको १३ औं बार्षिकोत्सवमा यस पालिकाबाट महिला भलिवल प्रतियोगिताको लागी महिला खेलाडि सहभागिता हुदाँ लागेको खर्चको भुक्तानी दिन आवश्यक भएको । | सनस्टार युवा क्लब, लिवाङ, रोल्पाले आयोजना गरेको १३ औं बार्षिकोत्सवमा यस पालिकाबाट महिला भलिल प्रतियोगिताको लागी महिला खेलाडि सहभागिता हुदाँ लागेको खर्च रु ८७,४००(अक्षरेपी सतासि हजार चार सय मात्र) भुक्तानी दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो |



प्रमाणित
भरत कुमार थापा
गा.पा.अध्यक्ष

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| २.३ | सामुदायिक बालविकास केन्द्रको स्वीकृत सम्बन्धमा । | लुङग्री गाउँपालिका वडा नं. ०६ अन्तर्गत निमडाडाँमा सामुदायिक बालबिकास केन्द स्थापनाको लागि निवेदन भएको छ, सो सम्बन्धमा उक्त स्थानमा बालबिकास केन्द्र स्थापना गर्न आवश्यक भएको । | लुङग्री गाउँपालिका वडा नं. ०६ अन्तर्गत निमडाडाँमा सामुदायिक बालबिकास केन्द स्थापनाको लागि निवेदन प्राप्त भएकोले उक्त स्थानको भौगोलिक विकटटा, विद्यार्थी संख्या, विद्यालय सेवा क्षेत्र, विद्यालय भौतिक संरचना लगायतको बिषयहरुको लेखाजोखा गर्दा बिद्यालयको भौतिक संरचना निर्माणको लागि जग्गा प्राप्त भएकोले यस आ.ब. ०८१/८२ मा बिद्यालय भौतिक संरचना व्यवस्थापन गर्ने र आगामी शैक्षिक शत्र २०८३ बाट **"श्री जनचेतना बालबिकास केन्द्र"** संचालन गर्न अनुमति दिने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |
| २.४ | सामुदायिक बालविकास केन्द्र, निमडाँडाको जग्गा प्राप्ति सम्बन्धमा। | लुङ्ग्री गाउँपालिका वडा नं ६ निमडाँडाको मिति २०८२/०१/०२ गतेको आमभेलाको वैठकबाट सामुदायिक बालविकास केन्द्र निमडाँडाको भवन निर्माणको लागि जग्गा प्राप्तिको निर्णय भएको छ, सो सन्दर्भमा उक्त जग्गा रजिस्ट्रेसन पासका लागि कार्यपालिकामा पेस गर्न आबस्यक भएको । | लुङ्ग्री गाउँपालिका वडा नं ६ निमडाँडाको मिति २०८२/०१/०२ वैठकको निर्णयानुसार लुङ्ग्री गाउँपालिका वडा नं ६ (साबिकको गुम्चाल गाविस वडा नं ९) बस्ने श्री जसे रोकाको नाममा मालपोत कार्यालय, रोल्पामा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं ११४९ क्षेत्रफल ३५९० मध्ये पश्चिम तर्फ १३६७ वर्ग मिटर छाडी सो पूर्वतर्फको ३०० वर्गमिटरको जग्गा रु.१,२६,०००/- (अक्षरेपि एक लाख छब्बिस हजार रुपैयाँ मात्र) मा जनचेतना बालविकास केन्द्र निमडाँडाको नाममा खरिद प्रकिया अगाडि बढाउने साथै उक्त जग्गा रजिस्ट्रेसन पासका लागि लुङ्ग्री गाउँपालिकाका शिक्षा शाखा प्रमुख श्री भेष बहादुर बिष्टलाई प्रतिनिधिको रूपमा खटाई पठाउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |
| २.५ | गाउँ शिक्षा समितिको निर्णय अनुमोदन तथा कक्षा थपको अनुमति सम्बन्धमा | लुङ्ग्री गाउँपालिका गाउँ शिक्षा समितिको वैठकको निर्णय प्राप्त भएको छ, सो सन्दर्भमा बैठकको निर्णय अनुमोदन तथा गाउँपालिका भित्रका बिद्यालयको कक्षा थपको अनुमति प्रदान गर्न आबश्यक भएको । | लुङ्ग्री गाउँपालिका गाउँ शिक्षा समितिको वैठकको निर्णय अनुमोदन गर्ने र गाउँ शिक्षा समितिमा निर्णय हुन नसकेका ७ वटा बिद्यालयहरु मध्ये मापदण्ड पुरा भएका देहायका बिद्यालयलाई मात्र निश्चित शर्तमा रहने गरि तह तथा कक्षा थपको अनुमति दिने ।<br>**<u>देहायः</u>**<br>१. श्री शहिदस्मृति प्रावि, लुङ्ग्री ४ (कक्षा ४ थप)<br>२. श्री जनशिक्षा प्रावि, लुङ्ग्री १ (कक्षा ५ थप) | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |
| २.६ | तहवृद्धि तथा तह | लुम्बीनी प्रदेश सरकार मुख्यमन्त्रि तथा | लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्रि तथा | "पेश भए |



भरत कुमार थापा
का.पा.अध्यक्ष

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १६^औं^ (सोह्रौं) गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मितिः २०८२/०१/०५)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| २.६ | तहवृद्धि तथा तह मिलान सम्बन्धमा । | लुम्बीनी प्रदेश सरकार मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ति उपत्यका (देउखुरी), नेपालले मिति २०८१।१२।२७ गतेका दिन योग्यता पुगेका कर्मचारीहरुको लागी तहवृद्धि तथा तह मिलान प्रक्रिया अगाडी बढाउने सुचना प्रकाशन गरेको छ, सो सन्दर्भमा तहवृद्धि तथा तह मिलान लागि कार्यपालिकामा पेस गर्न आवश्यक भएको । | लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ति उपत्यका (देउखुरी), नेपालले मिति २०८१।१२।२७ गतेका दिन योग्यता पुगेका कर्मचारीहरुको लागी तहवृद्धि तथा तह मिलान प्रक्रिया अगाडी बढाउने सुचना प्रकाशन गरे बमोजिम यस गाउँपालिकामा योग्यता पुगेका उम्मेदवारहरुको लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ तथा लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिम तहवृद्धि तथा तह मिलान गर्ने, | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |

[redacted]